# कर्णाली आमसञ्चार तथा सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेशभित्र स्थापना तथा सञ्चालनमा रहेका सञ्चार माध्यमको दर्ता, अभिलेखीकरण, नवीकरण, नियमन तथा स्वतन्त्र, निष्पक्ष, मर्यादित र जवाफदेही सञ्चार माध्यम र आमसञ्चार तथा सूचना प्रविधिको क्षेत्रको विकास प्रवर्द्धन र सञ्चार क्षेत्रमा क्रियाशील जनशक्तिको व्यवसायिकता अभिवृद्धि गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली आमसञ्चार तथा सूचना प्रविधि ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ४ बमोजिम प्रदेश सरकारले नियुक्त गरेको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ख) "अनलाइन सञ्चार माध्यम" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना वा दर्ता अभिलेखीकरण भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गीकार गरी इन्टरनेटको माध्यममा संकेत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, भिडियो, एनिमेसन, युट्युव च्यानल तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्विर,श्रव्य दृश्य उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने सञ्चार माध्यम सम्झनु पर्छ।

(ग) "आमसञ्चार" भन्नाले सम्पादकीय सिद्धान्त बमोजिम समाचार, सूचना तथा सन्देश प्रकाशन तथा प्रसारण गर्न सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित छापा, विद्युतीय तथा अनलाइन सञ्चार माध्यम सम्झनुपर्छ।

(घ) "इजाजतपत्र" भन्नाले दफा १६ बमोजिम कार्यक्रम उत्पादन गरी प्रसारण गर्नको लागि यस ऐन बमोजिम दिइने प्रसारण इजाजतपत्रलाई सम्झनु पर्छ।

(ङ) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू ग्राहक वा उपभोक्ता समक्ष पुऱ्याउने प्रविधि सम्झनु पर्छ।

(च) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रमलाई सम्झनु पर्छ।

(छ) "कार्यक्रम उत्पादन" भन्नाले प्रसारण वा सार्वजनिक गर्न इजाजत प्राप्त संस्थाबाट सूचना, समाचार, ज्ञानबर्द्धक सामग्री, जनचेतना र मनोरञ्जनका लागि उत्पादन गरिएको श्रव्य वा श्रव्य दृष्य सामग्रीलाई सम्झनु पर्छ र सो शव्दले एफ. एम. रेडियो र टेलिभिजनले प्रसारण गर्न विकास गरेको सामग्रीलाई समेत सम्झनु पर्छ।

(ज) "डाउनलिंक" भन्नाले भू-उपग्रहबाट प्रसारण भएको तरङ्ग(सिग्नल) लाई पृथ्वीमा रहेको उपकरणले प्राप्त गर्नुलाई सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "छापासञ्चार" भन्नाले समाचारपत्र,पत्रिका, कला, साहित्य, विज्ञान, पर्यटन र चलचित्र लगायतका विभिन्न विधालाई समेटी प्रकाशन हुने छापा सञ्चार सामाग्री सम्झनु पर्छ ।

(ट) "पत्रकार" भन्नाले आमसञ्चार माध्यममा व्यवस्थापकीय तथा प्रशासनिक अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चार सम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय बनाई पूर्ण वा आंशिक समय काम गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिङ्गर, समाचार वाचक, कार्यक्रम निर्देशक, प्रस्तोता, अनुवादक, साजसज्जा, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामारा पर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, तस्वीर, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेसासँग सम्बन्धित व्यक्ति र सो शब्दले अनालाइन पत्रकारिता सम्बन्धी कार्य गर्ने पत्रकार वा अन्य स्वतन्त्र पत्रकारलाई सम्झनु पर्छ।

(ठ) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(ड) "प्रसारण" भन्नाले इसारा, आवाज, आकृति, तस्विर वा अन्य यस्तै प्रकारबाट जानकारी पाउन सक्ने सञ्चार सेवा सम्झनुपर्छ ।

(ढ) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति वा प्रस्तोता सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत सम्झनु पर्छ।

(ण) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनु पर्छ।

(त) “प्रसारण सेवा” भन्नाले एफ.एम., रेडियो र टेलिभिजनका माध्यमबाट आमनागरिकले जानकारी पाउन सक्ने गरी प्रसारण गरिने सेवालाई सम्झनु पर्छ।

(थ) "प्रतिष्ठान" भन्नाले प्रदेश आमसञ्चार तथा सूचना प्रविधि प्रतिष्ठान सम्झनु पर्छ।

(द) "प्रेस प्रतिनिधि" भन्नाले दफा १८ बमोजिमको प्रेस प्रतिनिधिको परिचय पत्र लिएको ब्यक्ति सम्झनु पर्छ।

(ध) "कार्यकारी निर्देशक" भन्नाले दफा ४ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(न) "फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली" भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो वा टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनुपर्छ।

(प) "भू–उपग्रह प्रसार केन्द्र (अर्थ स्टेशन)" भन्नाले स्याटेलाईट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेशन) सम्झनु पर्छ।

(फ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ब) "सञ्चालक" भन्नाले आमसञ्चार माध्यम सञ्चालन गर्न प्रमाणपत्र पाएको व्यक्ति वा सञ्चालक समिति वा समितिमा रहेका पदाधिकारी सम्झनु पर्छ।

(भ) "समाचारपत्र" भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचार समेत भएको सार्वजनिक रुपमा बिक्री वा वितरण हुने छापासञ्चार सम्झनु पर्छ।

(म) "सम्पादक" भन्नाले आमसञ्चार संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक सम्झनु पर्छ।

(य) "स्याटेलाइट" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू–उपग्रह सम्झनु पर्छ।

(र) "सरकारी निकाय" भन्नाले प्रदेश सरकारको मन्त्रालय, आयोग वा सो अन्तर्गतका निकाय वा कार्यालय र सो शब्दले त्यस्तै प्रकृतिका अन्य कार्यालय सम्झनु पर्छ।

(ल) "सूचना प्रविधि" भन्नाले कम्प्युटर तथा कम्प्युटर प्रणालीको प्रयोग गरिएका सबै स्वरुपका सूचना सिर्जना गर्ने, उत्पादन गर्ने, सम्प्रेषण गर्ने प्राप्त गर्ने वा सुरक्षण गर्ने प्रविधि सम्झनु पर्छ।

(व) "हुक वा रिले प्रसारण" भन्नाले कुनै प्रसारण माध्यमबाट प्रसारित सामग्री कुनैपनि प्रविधि प्रयोग गरी त्यस्तै वा फरक प्रकृतिको अर्को माध्यमबाट प्रसारण गर्नुलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>प्रतिष्ठानको गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था</u>

३. **<u>प्रतिष्ठानको स्थापना:</u>** (१) प्रदेशभित्र रहेका आमसञ्चार माध्यमको स्थापना, दर्ता, अभिलेखीकरण, नियमन, अध्ययन अनुसन्धान तथा आमसञ्चार र सूचना प्रविधिको क्षेत्रमा क्रियाशील जनशक्तिको व्यवसायिकता अभिवृद्धि गर्ने उद्देश्यले "कर्णाली आमसञ्चार तथा सूचना प्रविधि प्रतिष्ठान" गठन गरिने छ।

(२) प्रतिष्ठानको कार्यालय प्रदेशको राजधानी सुर्खेतमा रहनेछ।

४. **<u>प्रतिष्ठानको गठन:</u>** (१) प्रतिष्ठानको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारले नियुक्त गरेको कार्यकारी निर्देशक - अध्यक्ष

(ख) नेपाल पत्रकार महासंघ, अध्यक्ष कर्णाली प्रदेश - सदस्य

(ग) कम्प्यूटर एसोशियन अफ नेपाल (क्यान), अध्यक्ष, कणाली प्रदेश - सदस्य

(घ) छापा, विद्युतीय सञ्चार माध्यम र सूचना प्रविधिको क्षेत्रमा कार्यरत विज्ञ मध्येबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयबाट मनोनित कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(ङ) मन्त्रालयको सूचना तथा प्रविधि महाशाखा प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको कार्यकारी निर्देशकको नियुक्तिको लागि मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयले नियुक्त गरेका सम्बन्धित विषयका विज्ञ सहित तीन सदस्यीय सिफारिस समितिको गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले कार्यकारी निर्देशकको नियुक्तिका लागि बढीमा तीन जना व्यक्तिको नाम प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(४) उपदफा (२) बमोजिमको सिफारिस समितिको तीन जना मध्ये प्रदेश सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ।

(५) उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्य मन्त्रालयले नियुक्ति गर्नेछ।

(६) उपदफा (४) बमोजिम कार्यकारी निर्देशकले कार्यभार सम्हानु अघि मुख्यमन्त्री समक्ष अनुसूची बमोजिम पद तथा गोपनियताको सपथ लिनुपर्नेछ।

(७) उपदफा (४) बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्मको लागि प्रदेश सरकारले मन्त्रालयको प्रदेश सचिवलाई कार्यकारी निर्देशकको रुपमा काम काज गर्न तोक्न सक्नेछ।

(८) प्रदेश सरकारले प्रतिष्ठानमा प्रदेश सरकारको स्वीकृत दरबन्दी भित्रका कर्मचारी खटाउनेछ।

५. **<u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आमसञ्चार सम्बन्धी नीति निर्माणमा मन्त्रालयलाई सुझाव दिने तथा समन्वय गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक योजना, कार्यक्रम र बजेट प्रस्ताव गर्ने,

(ग) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चार को हकको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने,

(घ) आमसञ्चार , पत्रकारिता र सूचना प्रविधिका विषयमा समसामयिक अध्ययन,अनुसन्धान र प्रशिक्षण गर्ने,

(ङ) स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास, संरक्षण तथा स्वनियमन प्रवर्द्धनका लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(च) आमसञ्चार क्षेत्रको विकास र सूचना प्रविधिको प्रवर्द्धनको लागि आमसञ्चार माध्यमको स्वतन्त्रता र मर्यादा प्रवर्धन गर्ने,

(छ) मौलिक चलचित्रको विकास र बिस्तारको लागि समन्वय गर्ने, र

(ज) तोकिए बमोजिमको अन्य काम गर्ने।

६. **<u>योग्यता</u>**ः देहायको योग्यता पुगेको व्यक्ति प्रतिष्ठानको कार्यकारी निर्देशक वा सदस्यको पदमा नियुक्ति हुन योग्य हुनेछः-

(क) नेपाली नागरिक,

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) तीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(घ) कार्यकारी निर्देशकको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट आमसञ्चार वा पत्रकारिता, सूचना प्रविधि वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल तथा सम्बन्धित क्षेत्रमा दश वर्षको अनुभव प्राप्त गरेको,

(ङ) सदस्यको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा सात वर्षको अनुभव प्राप्त गरेको,

तर महिला वा अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यको हकमा पाँच वर्ष अनुभव प्राप्त गरेको,

(च) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको।

७. **पदावधिः** (१) प्रतिष्ठानको कार्यकारी निर्देशकको पदावधि चार वर्ष र सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानको कार्यकारी निर्देशक वा सदस्यलाई कार्य क्षमताको अभाव, खराब आचरण वा पदीय दायित्व पूरा नगरेको कारण पदबाट हटाउनु पर्ने अवस्था भएमा मन्त्रालयले छानविनको लागि छानविन समिति गठन गर्नेछ।

(३)उपदफा (२) बमोजिमको छानविन समितिले काम सुरू गरेको मितिले एक महिनाभित्र छानविनको कार्य सम्पन्न गरी सोको प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छानविन समितिले कार्यकारी निर्देशकलाई पदबाट हटाउन सिफारिस गरेमा मन्त्रालयले सोही बमोजिम त्यस्तो कार्यकारी निर्देशकलाई पदबाट हटाउने गरी प्रदेश सरकार समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रस्तावका आधारमा प्रदेश सरकारले त्यस्तो कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

८. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्यको पद रिक्त हुनेछः-

(क) प्रदेश सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) दफा ७ बमोजिम पदावधि पूरा भएमा वा पदबाट हटाइएमा,

(ग) विदेशको स्थायी आवासीय अनुमति लिएमा।

९. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दैनिक प्रशासनिक तथा आर्थिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) वार्षिक नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने योजना, कार्यक्रम तथा बजेट पेस गर्ने, लेखा राख्ने र लेखा परीक्षण गराउने,

(ग) सञ्चार माध्यमको सञ्चालन, अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने र नियमन गर्ने,

(घ) छापासञ्चार , अनलाइन सञ्चार माध्यम, रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,

(ङ) आमसञ्चार र सूचना प्रविधिको प्रयोग र प्रवर्धनका लागि आवश्यक कार्य गर्ने,

(च) पत्रकारको अभिलेख राख्ने तथा प्रेस प्रतिनिधि परिचयपत्र प्रदान गर्ने,

(छ) आमसञ्चार र सूचना प्रविधि सम्बन्धी गतिविधि अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ज) श्रमजीवी पत्रकार र आमसञ्चार माध्यमको व्यवस्थापकका बीच सेवा शर्त र सुविधा सम्बन्धमा देखिएका विवाद निरुपण, वार्ता वा मेलमिलाप जस्ता माध्यमबाट समाधान गर्न पहल गर्ने,

(झ) आमसञ्चार माध्यमको वर्गीकरण गर्ने सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ञ) आमसञ्चार माध्यमलाई उपलब्ध गराउन सकिने सुविधाको विषयमा मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ट) यस ऐन बमोजिम कार्यकारी निर्देशकले प्रयोग गर्ने अधिकार प्रतिष्ठानको अन्य अधिकारीलाई प्रत्यायोजन गर्ने,

(ठ) आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेस गर्ने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१०. **सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको बैठकमा सहभागी हुने,

(ख) प्रतिष्ठानले तोकेको कार्य गर्ने।

११. **कार्यकारी निर्देशक तथा सदस्यको सेवाको शर्त तथा सुविधाः** (१) कार्यकारी निर्देशक प्रतिष्ठानको पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ।

(२) कार्यकारी निर्देशकले प्रदेश सरकारको दशौं तहको कर्मचारीले पाउने बराबरको पारिश्रमिक र अन्य सुविधाहरु पाउनेछ।

(३) सदस्यले प्रतिष्ठानको बैठकमा उपस्थित भए बापत प्रचलित कानून बमोजिम प्रदेश सरकारको नवौ तहको कर्मचारी सरह वैठक भत्ता तथा दैनिक भ्रमण भत्ता पाउनेछ।

१२. **प्रतिष्ठानको बैठकः** (१) प्रतिष्ठानको बैठक तीन महिनाको एक पटक कार्यकारी अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) प्रतिष्ठानको सदस्य सचिवले प्रतिष्ठानको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) कुनै सदस्यले बैठकमा छलफल हुने विषय सूचीमा उल्लिखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारण सहितको सूचना बैठक बस्नु भन्दा अगावै प्रतिष्ठानको सदस्य सचिवलाई दिनु पर्नेछ। त्यसरी सूचना प्राप्त हुनासाथ प्रतिष्ठानको सदस्य सचिवले त्यसको जानकारी अध्यक्ष र अन्य सदस्यलाई दिनु पर्नेछ।

(४) प्रतिष्ठानको कूल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य वैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

(५) बैठकको निर्णय प्रतिष्ठानको सदस्य सचिवले अध्यक्ष र सदस्यबाट प्रमाणित गरि राख्नु पर्नेछ।

(६) प्रतिष्ठानको बैठक सम्बन्धी अन्य कार्यविधि प्रतिष्ठान आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-३

## छापासञ्चार माध्यमको दर्ता र अभिलेख सम्बन्धी ब्यवस्था

१३. **छापासञ्चारको काम गर्ने संस्था दर्ता गर्नु पर्नेः** (१) छापासञ्चार को काम गर्ने व्यक्ति वा संस्थाले छापासञ्चार संस्था दर्ता गरेर मात्र सञ्चार सामाग्री प्रकाशन गर्नु पर्नेछ।

(२) सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रपत्रिका प्रदेशभित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छाप्ने संख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिए बमोजिमको दस्तुरसहित तोकिएको ढाँचामा कार्यकारी निर्देशक समक्ष निवेदन दिनु पर्नेछ।

तर प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, शिक्षण संस्था, कुनै राजनीतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफा बमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यकारी निर्देशकले सो निवेदन उपर आवश्यक छानबिन गरी पैंतिस दिनभित्र निवेदकलाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न तोकिए बमोजिम अस्थायी प्रमाणपत्र दिन सक्नेछ।

तर निवेदकले अन्य पत्रपत्रिकाको नामसँग मिल्ने गरी पत्रपत्रिकाको नाम प्रस्ताव गरेमा त्यस्तो नामबाट अस्थायी प्रमाणपत्र दिइने छैन।

(४) उपदफा (२) बमोजिम अस्थायी प्रमाणपत्र दिइसकेपछि कार्यकारी निर्देशकले त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरण सहित सो कुराको सूचना मन्त्रालयलाई दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि प्रतिष्ठानले सो पत्रपत्रिकाको नामसँग मिल्ने गरी अन्य कुनै पत्रपत्रिका दर्ता भएको छ छैन हेरी सो नामसँग मिल्ने गरी दर्ता भएको रहेनछ भने त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी कार्यकारी निर्देशकले स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम स्वीकृति पाएपछि कार्यकारी निर्देशकले सम्बन्धित निवेदकलाई स्थायी प्रमाणपत्र दिनेछ।

(७) छापासञ्चार माध्यमको दर्ता, नवीकरण र अभिलेख सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१४. **<u>पत्रपत्रिकाको वर्गीकरणः</u>** प्रतिष्ठानमा अभिलेखीकरण भएका पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रक्रिया अपनाइ वर्गीकरण गरिनेछ।

## परिच्छेद-४

## <u>आमसञ्चार सम्बन्धी अन्य व्यवस्था</u>

१५. **<u>लगानी सम्बन्धी व्यवस्थाः</u>** (१) कुनै पनि व्यक्ति, समूह वा संस्थाले आमसञ्चार माध्यम सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण गर्न वा इजाजत लिने निवेदन साथ सम्बन्धित आमसञ्चार माध्यममा गरिने लगानीको श्रोत खुलाउनु पर्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आमसञ्चार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गर्ने व्यक्ति वा समूहलाई आफ्नै आमसञ्चार माध्यमको अनलाइन संस्करण बाहेक अन्य प्रकाशन वा प्रसारण वा अनलाइन माध्यमको स्वामित्वमा निर्णायक हिस्सा हुने गरी लगानी गर्न दिइने छैन।

(३) आमसञ्चार माध्यममा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **<u>आमसञ्चार माध्यमको स्वामित्व हस्तान्तरणः</u>** यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसञ्चार माध्यमको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्ति वा संस्थाले पन्ध्र दिन भित्रमा सोको जानकारी तोकिएको ढाँचामा प्रतिष्ठानलाई दिनु पर्नेछ र कार्यकारी निर्देशकले तत्सम्बन्धी विवरण दर्ता किताबमा अभिलेख गर्नु पर्नेछ।

१७. **<u>आमसञ्चार माध्यम प्रारम्भ तथा बन्द भएको जानकारी दिनुपर्नेः</u>** (१) आमसञ्चार माध्यमले प्रकाशन तथा प्रसारण प्रारम्भ भएको जानकारी प्रतिष्ठानलाई दिनु पर्नेछ।

(२) प्रदेशमा दर्ता भएका आमसञ्चार माध्यम कुनै कारणले सञ्चालन हुन नसकेमा वा सञ्चालन बन्द भएमा सोको जानकारी तोकिए बमोजिम प्रतिष्ठानलाई दिनु पर्नेछ।

१८. **प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था:** (१) प्रदेशभित्र दर्ता तथा अभिलेख भई सञ्चालनमा रहेका आसञ्चार माध्यममा कार्यरत पत्रकार, कर्मचारी तथा सञ्चालकको नाम, पद र कार्यक्षेत्र समेत उल्लेख गरी प्रेस प्रतिनिधिको लागि तोकिए बमोजिमको विवरण प्रतिष्ठानलाई बुझाउनु पर्नेछ।

(२) उपदफा(१) बमोजिम विवरण पठाउने आमसञ्चार माध्यमका प्रतिनिधिलाई कार्यकारी निर्देशकले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले तोकिएको प्रक्रिया पूरा गरी दरखास्त दिनुपर्नेछ।

(४) प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकार समेतले यसै दफा बमोजिम निवेदन दिन सक्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यकारी निर्देशकले त्यस्तो निवेदक उपर आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा निवेदकलाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ।

(६) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "स्वतन्त्र पत्रकार" भन्नाले कुनै पनि सञ्चार संस्थासँग पारिश्रमिक वा सुविधा लिने गरी आबद्ध नभई स्वतन्त्र रुपमा पत्रकारिता गर्ने व्यक्ति सम्झनु पर्छ।

१९. **चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन सम्बन्धी व्यवस्था:** चलचित्र लगायत प्रदेशभित्रका मौलिक लोकसंस्कृतिमा आधारित श्रव्यदृश्य सम्बन्धी लोकसंचारका विविध पक्षलाई विकास, विस्तार, प्रवर्द्धन र नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-५

## प्रसारण माध्यम सम्बन्धी व्यवस्था

२०. **इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः** प्रदेशभित्र एफ.एम, रेडियो र टेलिभिजन सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले देहायका कागजात संलग्न गरी कार्यकारी निर्देशक समक्ष निवेदन दिनुपर्नेछ।

(क) एफ.एम.,रेडियो, टेलिभिजन सञ्चालनको आर्थिक, प्राविधिक तथा व्यवसायिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन,

(ख) संस्था दर्ताको प्रमाणपत्र तथा सम्बन्धित संस्थाको विधान र सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) तोकिए बमोजिमको निवेदन दस्तुर,

(घ) प्रसारण केन्द्र रहने ठाउँको चारकिल्ला विवरण र नक्सा सहितको विवरण,

(ङ) प्रचलित कानून बमोजिम अन्य निकायबाट सहमति वा इजाजत लिनुपर्ने भएमा सो को कागजातहरू।

२१. **इजाजतपत्र दिन सकिनेः** (१) इजाजतपत्रको लागि दफा २० बमोजिम प्राप्त निवेदन उपर कार्यकारी निर्देशकले आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन तोकिएका शर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको दस्तुर लिई तोकिए बमोजिम इजाजतपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र दिन नसकिने भएमा सोको आधार र कारण खुलाई इजाजतपत्र दिने म्याद समाप्त भएको सात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको जानकारीउपर चित्त नबुझ्ने पक्षले मन्त्रालय समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन उपर मन्त्रालयले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

२२. **<u>प्रसारण सुरु गर्नु पर्ने अवधिः</u>** (१) निवेदकले दफा २० बमोजिमको इजाजतपत्र प्राप्त गरेको एक वर्षभित्रमा प्रसारण सम्बन्धी कामको प्रारम्भ गर्नुपर्ने छ।

(२)उपदफा (१) बमोजिम इजाजत प्राप्त गरेको एक वर्षभित्र प्रसारण नगरेमा सो अवधि समाप्त हुन अगावै मनासिव कारण देखाई म्याद थपका लागि निवेदन दिएमा कार्यकारी निर्देशकले छ महिनाका लागि प्रसारण अवधि थप गरिदिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्रसारण गर्नु पर्ने अवधिभित्र प्रसारण नगरेमा संस्थाले प्राप्त गरेको फ्रिक्वेन्सीका सम्बन्धमा आवश्यक कारबाहीका लागि कार्यकारी निर्देशकले मन्त्रालय मार्फत संघीय मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

२३. **<u>रेडियो उपकरण अनुमतिपत्र सम्बन्धी व्यवस्थाः</u>** (१) प्रतिष्ठानले आवश्यक प्रक्रिया पूरा गरी संघीय कानून बमोजिम मापदण्ड पुगेका उपकरणहरु तोकिएका अनुमति प्राप्त बिक्रेताबाट खरिद गरेको प्रमाणका आधारमा रेडियो उपकरण लाईसेन्स जारी गर्न सक्नेछ।

(२) रेडियो उपकरण अनुमतिपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

२४. **<u>प्रसारण केन्द्रको स्थापना सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा व्यक्ति वा संगठित संस्थाले केबुल टेलिभिजन सम्बन्धी प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा इजाजतपत्रको लागि तोकिए बमोजिमको ढाँचामा कागजात संलग्न गरी तोकिए बमोजिमको दस्तुर बुझाई निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा कार्यकारी निर्देशकले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गरी तोकिए बमोजिमको दस्तुर तथा शर्तहरू पालना गर्ने गरी अनुमति दिन सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले समेत एफ.एम. रेडियो. तथा टेलिभिजन सञ्चालन गर्न चाहेमा सञ्चालन गर्न सक्नेछ।

२५. **<u>नवीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) प्रसारण गर्ने संस्था वा व्यक्तिले प्राप्त इजाजतपत्रको प्रत्येक आर्थिक वर्षमा नविकरण गर्नुपर्नेछ र नवीकरण सम्बन्धी शर्तहरू र सो बापत बुझाउनु पर्ने शुल्क र दस्तुर तोकिए बमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि प्रचलित कानून बमोजिम प्रसारण गर्न यस प्रदेशमा इजाजतपत्र पाएका प्रसारण गर्ने संस्थाले यसै ऐन बमोजिम इजाजत पाएको मानिनेछ र त्यस्ता संस्थाले यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिम नविकरण गर्नुपर्नेछ।

(३) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रसारण इजाजत लिई कार्यक्रम प्रसारण गरेका संस्थाले प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखि छुट्टै रिले स्टेशन स्थापना गरी कार्यक्रम प्रसारण गरेमा त्यस्ता प्रसारण संस्थाले तोकिए बमोजिमको शर्त पालना गर्नु पर्नेछ।

२६. **<u>प्रसारण तथा वितरण शुल्कः</u>**ः प्रदेशमा दर्ता सञ्चालनमा रहेका एफ. एम. रेडियो र केवुलमा आधारित टेलिभिजनले प्रदेश सरकारले तोके बमोजिम बार्षिक प्रसारण तथा वितरण शुल्क प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

२७. **प्रसारणमा रोक लगाउन सकिनेः** राष्ट्र र राष्ट्रिय हित तथा यस ऐन विपरित गरेको देखिएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एक पटकमा छ महिनामा नबढाई कुनै खास विषय घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

२८. **नियमन गर्न सकिनेः** (१) मन्त्रालय वा प्रतिष्ठानले कुनै सञ्चार संस्थाले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका एंवम् मापदण्डको पालना भए नभएको सम्बन्धमा नियमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कानून विपरीत कार्य गरेको पाइएमा मन्त्रालय वा प्रतिष्ठानले प्रचलित कानून बमोजिम कारबाही गर्नेछ।

२९. **कार्यक्रम उत्पादन तथा प्रसारणः** प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका विषयलाई प्राथमिकता दिनुपर्नेछः

(क) राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिबृद्धि गराउने विषयका कार्यक्रम,

(ख) प्रादेशिक शान्ति सुरक्षा, कानूनी सचेतना, मानव अधिकार र सुशासन सम्बन्धी कार्यक्रम,

(ग) प्रदेशमा सञ्चालन गरिने कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य तथा सरसफाइ, पर्यटन, वन तथावातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रम,

(घ) प्रदेशभित्रका सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सदभाव र सामन्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रम,

(ङ) प्रदेश भित्रका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुयाउने कार्यक्रम,

(च) राष्ट्रिय चेतना तथा नैतिक जागरण बृद्धि गर्ने विषयका कार्यक्रमहरू,जनतामा सामाजिक चेतना बढाउने र लोकतान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रम,

(छ) अन्तर प्रदेश र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रम,

(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रम,

(झ) मनोरञ्जनात्मक तथा प्रदेशभित्रको लोकगीत र लोकसंस्कृतिको प्रवर्द्धन तथा सम्वर्द्धन हुने कार्यक्रम,

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भए गरेका महत्वपूर्ण गतिविधि,

(ट) प्रदेशभित्रका भौतिक, जैविक तथा प्राकृतिक र वैज्ञानिक खोज अनुसन्धानका कार्यक्रम।

३०. **प्रसारकको काम, कर्तव्य र अधिकारः** प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:-

(क) निष्पक्ष र तथ्यमा आधारित समाचारको सम्पादन तथा प्रसारण गर्ने,गराउने,

(ख) सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रम प्रसारण नगर्ने, गराउन नहुने,

(ग) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने, गर्न नलगाउने,

(घ) लापरवाही वा हेलचेत्र्याइँपूर्वक कुनै पनि कार्यको प्रसारण नगर्ने वा गराउन नहुने,

(ङ) राष्ट्रिय हित तथा सामाजिक सदभाव नभडकिने गरी सबै दृष्टिकोणबाट विश्लेषण गरेर वस्तुस्थितिलाई नबङ्गयाई प्रसारण गर्नु पर्ने,

(च) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको सङ्कलन तथा प्रसारण नगर्ने, गराउन नहुने, र

(छ) प्रसारण संस्थाले तोकिए बमोजिम अन्य कार्य गर्ने।

३१. **फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था :** फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

३२. **प्रकाशन तथा प्रसारण गर्न नहुने:** (१) कुनै पनि स्वदेशी, विदेशी आमसञ्चार को माध्यमबाट देहायका विषयमा प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामग्रीको उत्पादन र प्रसारण गर्न हुँदैनः–

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइ बीचको सु-सम्बन्धमा आँच आउने,

(ख) विभिन्न जात, जाती, धर्म, क्षेत्र, भाषा, लिङ्ग वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने,

(ग) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने,

(घ) सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने,

(ङ) श्रमप्रति अवहेलना गर्ने,

(च) जातीय छुवाछूत एवं लैंगिक भेदभाव गर्नलाई दुरुत्साहन गर्ने, र

(छ) प्रदेशबीचको सु-सम्बन्धमा खलल पार्ने तथा विवाद सिर्जना हुने।

(२) उपदफा (१) बमोजिम प्रसारण गर्न नहुने सम्बन्धी व्यवस्था विदेशी प्रकाशनको प्रदेश संस्करण वा मुद्रण र अन्य प्रसारण, पुनः प्रसारण र रिले प्रसारणमा समेत लागू हुनेछ।

३३. **प्रसारण माध्यमको वर्गीकरण:** (१) कार्यकारी निर्देशकले प्रदेशभित्रको प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी एंवम् व्यापारिक प्रसारकको रुपमा वर्गीकरण गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **प्रसारण संस्थाको सुरक्षा:** प्रसारण संस्थामा हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानी नोक्सानी हुने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा प्रदेश सरकारले त्यस्तो ठाउँमा आवश्यक सुरक्षाको प्रबन्ध गर्नेछ।

## परिच्छेद-६

## विज्ञापन सम्बन्धी व्यवस्था

३५. **विज्ञापन गर्न सकिने:** कसैले आफूले बिक्री वितरण गर्ने वस्तु वा सेवाको गुण वा विशेषता समेत उल्लेख गरी त्यस्ता वस्तु वा सेवाको प्रवर्द्धन गर्न वा उपभोक्ता समक्ष वस्तु वा सेवाको छनोटको जानकारी पुर्‍याउन वा आफूले आयोजना गरेको कुनै कार्यक्रम वा अवसरको बारेमा जानकारी दिन वा सार्वजनिक हितको लागि कुनै विषयमा जानकारी गराउन यस ऐन तथा प्रचलित कानूनको अधीनमा रही विज्ञापन गर्न वा गराउन सक्नेछ।

३६. **विज्ञापन गर्न नहुने:** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा विज्ञापन गर्न पाइने छैनः-

(क) अश्लिल सामग्री,

(ख) सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका विषयमा,

(ग) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने प्रकृतिका विषयमा,

(घ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका विषयमा,

(ङ) कुनै पनि जातजाति भाषा, धर्म, क्षेत्र, लिङ्ग र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने विषयमा,

(च) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने सुर्तीजन्य, धुमपान तथा मदिराजन्य पदार्थको प्रचारात्मक विषयमा,

(छ) प्रचलित नेपाल कानूनले उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेका कुनै वस्तु, पदार्थ वा सेवाको उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा,

(ज) जुवा खेल्न खेलाउन वा प्रचलित कानून बमोजिम अनुमति नलिएको चिठ्ठा किन्न किनाउन प्रोत्साहन गर्ने विषयमा,

(झ) प्रचलित कानून बमोजिम अश्लिल मानिने विषय वा तत्सम्बन्धी अन्य विषय, वस्तु वा सेवाको उपयोग वा प्रयोग गर्न वा प्रवर्धन गर्न प्रोत्साहन गर्ने विषयमा,

(ञ) हतियार वा विष्फोटक पदार्थ वा नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खतरा उत्पन्न गर्न सक्ने अन्य यस्तै वस्तु वा पदार्थको उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा,

(ट) चिकित्सकको सिफारिस बिना बिक्री गरिने औषधी,

(ठ) नेपालमा बिक्री, वितरण वा प्रयोगको लागि प्रचलित कानून बमोजिम अनुमति लिनु पर्नेमा त्यस्तो अनुमति प्राप्त भई नसकेको वस्तु वा सेवाको विषयमा,

(ड) विद्यालय तथा विश्वविद्यालयको पाठ्यपुस्तक सम्बन्धी विषयमा,
तर शैक्षिक जानकारी दिने विषय उल्लेख गर्न बाधा पर्ने छैन,

(ढ) अन्धविश्वासलाई प्रोत्साहन हुने विषयमा,

(ण) स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पार्ने,

(त) स्वदेशी वा अन्य कुनै उत्पादनलाई हतोत्साहित र निरुत्साहित गर्ने विषयमा,

(थ) ट्रेडमार्क, पेटेण्ट, डिजाइन लगायतका औद्योगिक सम्पत्तिको हकवालाको अनुमति वा स्वीकृति बिना विज्ञापन गर्ने, र

(द) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका विषयमा।

(२) कुनै विज्ञापन गर्दा गलत सूचना प्रवाह भई कसैलाई क्षति पुग्न गएमा सोको क्षतिपूर्ति सम्बन्धित विज्ञापनकर्तालै पीडितलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउनु पर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "विज्ञापनकर्ता" भन्नाले विज्ञापनदाता, विज्ञापन उत्पादक, निर्माता, प्रकाशक र प्रसारण संस्था समेतलाई सम्झनुपर्छ।

३७. **निःशुल्क वा सहुलियत दरमा विज्ञापन गर्नुपर्ने:** विपद्को समयमा प्रदेश सरकार वा स्थानीय तहबाट सर्वसाधारणको हित वा जानकारीको लागि प्रवाह गरिने सूचना वा विज्ञापन सञ्चार माध्यमले निःशुल्क वा सहुलियत दरमा प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।

३८. **विज्ञापन सम्बन्धी अन्य व्यवस्था:** प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा मातहतका निकायबाट प्रदान गरिने विज्ञापन, सूचना एवम् लोककल्याणकारी विज्ञापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **अनुगमन तथा नियमन समितिको गठन:** (१) प्रतिष्ठानले प्रदेशस्तरीय विज्ञापन अनुगमन तथा नियमन सम्बन्धी काम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि प्रतिष्ठानले निर्धारण गरेको कार्यविधि मन्त्रालयको स्वीकृतिमा लागू हुनेछ।

४०. **<u>विज्ञापन आचारसंहिता सम्बन्धी व्यवस्थाः</u>** प्रतिष्ठानले विज्ञापन सम्बन्धी विषयमा आचारसंहिता बनाई लागू गर्न सक्नेछ।

परिच्छेद-७

## **<u>सूचना प्रविधिसम्बन्धी व्यवस्था</u>**

४१. **<u>सूचना प्रविधि सम्बन्धी उद्योग वा व्यवसाय दर्ताको जानकारीः</u>** प्रचलित कानून बमोजिम प्रदेशभित्र स्थापना भएका सूचना प्रविधि सम्बन्धी उद्योग वा व्यवसाय दर्ता भएपछि दर्ता गर्ने निकायले सोको जानकारी प्रतिष्ठानलाई दिनु पर्नेछ।

४२. **<u>विद्युतीय माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्न सक्नेः</u>** प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय तथा सार्वजनिक संस्थाले आफूले प्रदान गर्ने सार्वजनिक सेवाहरु तोकिएको प्रक्रिया पूरा गरी विद्युतीय माध्यमबाट उपलब्ध गराउन सक्नेछन्।

४३. **<u>सूचना प्रविधि प्रणाली प्रयोग गर्नुपर्नेः</u>** सरकारी निकायले प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम सूचना प्रविधि प्रणालीको प्रयोग गर्नुपर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफा प्रयोजनको लागि "सूचना प्रविधि प्रणाली" भन्नाले सिर्जना गर्ने, उत्पादन गर्ने, सम्प्रेषण गर्ने, प्राप्त गर्ने, जम्मा गर्ने, प्रर्दशन गर्ने वा अन्य किसिमबाट प्रशोधन गर्ने प्रणाली सम्झनु पर्छ।

४४. **<u>वेबसाइट सञ्चालनमा ल्याउनुपर्नेः</u>** (१) प्रत्येक सरकारी निकाय तथा सार्वजनिक संस्थाले सेवा प्रदान गर्न आफ्नो वेबसाइट सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वेबसाइटको डिजाइन, विकास तथा सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ।

४५. **<u>सुरक्षा मापदण्ड अबलम्बन गर्नुपर्नेः</u>** सरकारी निकायले कम्पयुटर तथा सूचना प्रणालीको प्रयोग गर्दा मन्त्रालयले तोकेको सुरक्षा मापदण्ड अबलम्बन गर्नु पर्नेछ।

४६. **<u>सामाजिक सञ्जालको प्रयोगः</u>** सरकारी निकायले प्रचलित कानून बमोजिम सार्वजनिक महत्वका सूचना सामाजिक सञ्जाल मार्फत प्रदान गर्ने सक्नेछ।

**<u>स्पष्टीकरण</u>**ःयस दफा प्रयोजनको लागि "सामाजिक सञ्जाल" भन्नाले कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधा तथा प्रयोगककर्ताले निर्माण गरेको बिषयबस्तु प्रसार गर्ने सुविधा समेत प्रदान गर्ने इन्टरनेट वा सूचना प्रविधिमा आधारित प्रणालीलाई सम्झनु पर्छ।

४७. **<u>साइबर सुरक्षा सम्बन्धी व्यवस्थाः</u>** प्रतिष्ठानले सूचना प्रविधिको प्रयोग र साइबर सुरक्षा सम्बन्धी प्रवर्द्धनात्मक र चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

**<u>स्पष्टीकरण</u>**ःयस दफा प्रयोजनको लागि "साइबर सुरक्षा" भन्नाले कुनै पनि सूचना प्रविधिमा आधारित प्रणाली, नेटवर्क र प्रोग्रामलाई डिजिटल आक्रमणबाट सुरक्षा गर्ने अभ्यास सम्झनु पर्छ।

४८. **<u>सूचना प्रविधि सम्बन्धी अन्य व्यवस्थाः</u>** सूचना प्रविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-८

## **<u>अनलाइन सञ्चार माध्यम सम्बन्धी व्यवस्था</u>**

४९. **<u>अनलाइन सञ्चार माध्यमको दर्ताः</u>** (१) अनलाइन सञ्चार माध्यम सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको विवरण र दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा कार्यकारी निर्देशक समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिने व्यक्ति वा संस्थालाई कार्यकारी निर्देशकले कागजात अध्ययन गर्दा अनलाइन सञ्चार  माध्यम दर्ता र अभिलेखीकरण गर्न मनासिब देखिएमा दर्ता प्रमाणपत्र प्रदान सक्नेछ।

(३) अनलाइन सञ्चार माध्यमलाई कार्यकारी निर्देशकले दर्ता किताब र विद्युतीय अभिलेखमा राख्नु पर्नेछ।

(४) संघीय कानून बमोजिम दर्ता भएका अनलाइन सञ्चार माध्यमहरुले यस ऐन बमोजिम सञ्चालन हुन चाहेमा अभिलेखीकरणका लागि निवेदन दिनु पर्नेछ र यसरी अभिलेखीकरण हुन आएका अनलाइन सञ्चार माध्यम यसै कानून बमोजिम दर्ता भएको मानिनेछ।

(५) अनलाइन सञ्चार माध्यमको दर्ता र अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **नवीकरण सम्बन्धी व्यवस्थाः** दफा ४९ बमोजिम दर्ता र अभिलेखीकरण भएका अनलाइन सञ्चार माध्यमले तोकिए बमोजिम प्रत्येक वर्ष नवीकरण गर्नु पर्नेछ।

## परिच्छेद–९
## श्रमजीवी पत्रकारसम्बन्धी व्यवस्था

५१. **पारिश्रमिक तथा सुविधाः** (१) आमसञ्चार  माध्यमले श्रमजीवी पत्रकारलाई प्रचलित कानून बमोजिम न्यूनतम पारिश्रमिक तथा सेवा सुविधा भन्दा कम नहुने गरी पारिश्रमिक दिनु पर्नेछ ।

(२) आमसञ्चार  संस्थाले श्रमजीवी पत्रकारलाई उपदफा (१) बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा प्रदान गरे नगरेको सम्बन्धमा कार्यकारी निर्देशकले अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यकारी निर्देशकले अनुगमनको क्रममा उपदफा (१) बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराएको नदेखिएमा सो बमोजिमको सेवा सुविधा उपलब्ध गराउन निर्देशन दिन सक्नेछ र त्यस्तो संस्थालाई प्रदेश सरकारबाट दिइने सुविधा रोक्का गर्न वा अन्य आवश्यक कारबाहीका लागि समेत मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ।

५२. **सेवा शर्त सम्बन्धी व्यवस्थाः** (१) आमसञ्चार  माध्यमले आफ्नो संस्थाको श्रमजीवी पत्रकारको नियुक्ति, अवकाश, सेवाको शर्त तथा सुविधा समेतका विषयमा प्रचलित कानूनमा व्यवस्था भए भन्दा कम नहुने गरी लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भए नभएको सम्बन्धमा कार्यकारी निर्देशकले अनुगमन गर्न सक्नेछ।

(३) कार्यकारी निर्देशकले उपदफा (२) बमोजिमको अनुगमनका क्रममा देहायका विवरण माग गर्न सक्नेछ र माग भए बमोजिमको विवरण सम्बन्धित संस्थाले पेस गर्नु पर्नेछ।

(क) श्रमजीवी पत्रकारको दरबन्दी, नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय,
(ख) हाजिरी र बिदा,
(ग) न्यूनतम पारिश्रमिक तथा भत्ता,
(घ) तलब वृद्धि,
(ङ) उपचार खर्च तथा क्षतिपूर्ति,
(च) सामाजिक सुरक्षा कोष,
(छ) बीमा,
(ज) अन्य आवश्यक विषय।

५३. **सुविधा रोक्का गर्न सक्ने:** कार्यकारी निर्देशकले तोकिएको मापदण्ड पूरा नगर्ने आमसञ्चार माध्यमलाई प्रदेश सरकार वा मातहतका निकायबाट प्राप्त हुने सबै प्रकारका वा कुनै सुविधा रोक्का गर्न सक्नेछ।

५४. **श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था:** श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-१०
## विविध

५५. **दण्ड सजाय:** (१) कसैले दफा २१ र दफा ४९ बमोजिम इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, वितरण, प्रसारण तथा डाउनलिङ्ग गरेमा त्यस्तो व्यक्तिलाई वा संस्थाको कार्यकारी प्रमुखलाईलाई पन्ध्र दिनको समयावधि दिई पहिलो पटक सचेत गराउने र पुनः सोही प्रकृतिको कसूर दोहोर्याएमा इजाजतपत्र दस्तुर वापत दस्तुर बराबर रकम असूल उपर गरी सो बराबरको रकम जरिवाना हुनेछ।

(२) कुनै सञ्चार माध्यमले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम नवीकरण नगरी कार्यक्रम सञ्चालन गरेमा त्यस्तो आमसञ्चार माध्यमका सम्बन्धमा प्रचलित संघीय कानून बमोजिम मन्त्रालयमार्फत नेपाल सरकार समक्ष लेखी पठाउन सक्नेछ।

(३) दफा ३२ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(४) यस ऐन बमोजिम कारबाही र जरिवाना गर्नु अघि सम्बन्धित ब्यक्ति वा संस्थालाई सफाइको मौका दिनु पर्नेछ।

(५) यस ऐन बमोजिम भएको सजायको निर्णय उपर चित्त नबुझ्ने पक्षले पुरावेदन दिन चाहे त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र कार्यकारी निर्देशकले गरेको निर्णयको हकमा मन्त्रालयको सचिव समक्ष र मन्त्रालयले गरेको निर्णय उपर सम्बन्धित आमसञ्चार माध्यम रहेको जिल्ला अदालत समक्ष पुरावेदन दिन सक्नेछ।

५६. **क्षमता विकासको कार्यक्रम सञ्चालन गर्न सक्ने:** प्रदेशमा आम सञ्चार तथा सूचना प्रविधिमा क्रियाशील जनशक्ति र सञ्चार माध्यम लक्षित गरी अध्ययन सामग्री उत्पादन तथा वितरण र क्षमता विकासका लागि प्रतिष्ठानले तालिम, लेखनवृत्ति तथा प्राविधिक परामर्श लगायतका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

५७. **राजस्व खातामा दाखिला गर्नपर्ने:** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको इजाजत दस्तुर, प्रसारण तथा वितरण शुल्क तथा जरिवाना प्राप्त हुने रकम प्रदेश सरकारको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

५८. **सूचना बैंकको स्थापना:** (१) प्रदेश सरकारले सूचना बैंक स्थापना गर्न सक्नेछ।

(२) सूचना बैंक सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

५९. **अभिलेखीकरण गर्नु पर्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम इजाजत प्राप्त प्रसारण माध्यम, अनलाइन सञ्चार माध्यम तथा अन्य आम सञ्चार माध्यम यसै ऐन बमोजिम इजाजत प्राप्त गरेको मानिनेछ र त्यस्ता सञ्चार माध्यमले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र यस ऐन बमोजिम आफ्नो इजाजतपत्र र अन्य विवरण सहित प्रतिष्ठान समक्ष निवेदन पेस गरी अभिलेखीकरण गराउनु पर्नेछ।

६०. **लेखा र लेखा परीक्षण:** (१) प्रतिष्ठानले आफ्नो आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) प्रतिष्ठानको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ।

६१. **<u>निर्देशन दिन सक्ने:</u>** मन्त्रालयले कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिन सक्नेछ। कार्यकारी निर्देशकले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ।

६२. **<u>पुरस्कार प्रदान गर्न सकिने:</u>** प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार  माध्यमलाई मन्त्रालयले तोकिए बमोजिम पुरस्कृत गर्न सक्नेछ।

६३. **<u>विशेष सहुलियत दिन सकिने:</u>** महिला, सिमान्तकृत समुदाय, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित आमसञ्चार  माध्यमलाई प्रतिष्ठानले तोकिए बमोजिम विशेष सहुलियत दिने व्यवस्था गर्न सक्नेछ।

६४. **<u>ऐन कार्यान्वयन मापन:</u>** मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्ष भित्र ऐन कार्यान्वयनको मापन गर्नेछ।

६५. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

६६. **<u>प्रदेश सरकारसँगको सम्पर्क:</u>** प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत सम्पर्क राख्नु पर्नेछ।

६७. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६८. **<u>निर्देशिका, कार्यविधि बनाउन सक्ने:</u>** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

६९. **<u>खारेजी र बचाउ:</u>** (१) कर्णाली प्रदेश प्रसारण ऐन,२०७५ खारेज गरिएको छ।

(२) कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

**<u>पद तथा गोपनीयताको शपथको ढाँचा</u>**

म ............................................नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि कर्णाली आमसञ्चार  तथा सूचना प्रविधि प्रतिष्ठानको...................पदको जिम्मेवारी प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ बहन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

मितिः

दस्तखतः

नामथरः

पदः